आज मिति २०८२ पुष महिनाको १६ गते नेपाल सम्वत ११४६ पोहेलाथ्व एकादशी बुधबारको विहान ११ बजे पालुङटार नगरपालिकाका नगर प्रमुख श्री बिवस चिन्तनज्यूको अध्यक्षतामा बसेको कार्यपालिकाको बैठकमा निम्न व्यक्तिहरुको उपस्थितिमा निम्न निर्णय भई सम्पन्न भयो ।

| सि.नं. | नाम थर | पद | वडा नं. | हस्ताक्षर |
|---|---|---|---|---|
| १ | विवस चिन्तन | नगर प्रमुख | पालुङटार ४ गोरखा | |
| २ | बन्दना पाण्डे | उप प्रमुख | पालुङटार ६ गोरखा | |
| ३ | कृष्ण बहादुर परियार | वडा अध्यक्ष | पालुङटार १ गोरखा | |
| ४ | कृष्ण बहादुर थापा मगर | वडा अध्यक्ष | पालुङटार २ गोरखा | |
| ५ | रबिन्द अधिकारी | वडा अध्यक्ष | पालुङटार ३ गोरखा | |
| ६ | मान बहादुर पौडेल | वडा अध्यक्ष | पालुङटार ४ गोरखा | |
| ७ | दीपक पाण्डे | वडा अध्यक्ष | पालुङटार ५ गोरखा | |
| ८ | चेत बहादुर गुरुङ | वडा अध्यक्ष | पालुङटार ६ गोरखा | |
| ९ | अर्जुन बहादुर कुमाल | वडा अध्यक्ष | पालुङटार ७ गोरखा | |
| १० | होप बहादुर नेपाली | वडा अध्यक्ष | पालुङटार ८ गोरखा | |

Scanned with CamScanner

| | | | | |
|---|---|---|---|---|
| ११ | भेज राज पाण्डे | वडा अध्यक्ष | पालुङटार ९ गोरखा | |
| १२ | रिखिराज धौराली | वडा अध्यक्ष | पालुङटार १० गोरखा | |
| १३ | मनिका अधिकारी लिम्बु | कार्यपालिका सदस्य | पालुङटार २ गोरखा | |
| १४ | पार्वती नेपाली | कार्यपालिका सदस्य | पालुङटार २ गोरखा | |
| १५ | मिना सुनार | कार्यपालिका सदस्य | पालुङटार ४ गोरखा | |
| १६ | हर्क बहादुर नेपाली | कार्यपालिका सदस्य | पालुङटार ५ गोरखा | |
| १७ | पम्फा वि.क. सुनार | कार्यपालिका सदस्य | पालुङटार ७ गोरखा | |
| १८ | अर्जुन वि.क. | कार्यपालिका सदस्य | पालुङटार ८ गोरखा | |
| १९ | मिन माया लामा | कार्यपालिका सदस्य | पालुङटार ९ गोरखा | |
| २० | देवि माया योगी | कार्यपालिका सदस्य | पालुङटार १० गोरखा | |
| २१ | शेर बहादुर वि.सी | सदस्य सचिव | | |

**कर्मचारीहरु**

| | | | | |
|---|---|---|---|---|
| १ | धनेन्द्र श्रेष्ठ | योजना शाखा | | |
| २ | राम जनम चौधरी | ,, | [illegible] | |

# पालुङ्टार नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## पालुङ्टार, गोरखा
### गण्डकी प्रदेश, नेपाल

पालुङटार नगरपालिका, नगर कार्यपालिकाको बैठकको निर्णयहरु

बैठक नं- ११० मिति: २०८२-०९-१६

| विषयगत क्षेत्र | प्रस्ताव | निर्णय |
|---|---|---|
| सुशासन तथा संस्थागत विकास | अघिल्लो कार्यपालिका बैठकको समिक्षा सम्वन्धमा । | यस नगरपालिका नगर कार्यपालिकाको १०९ औं बैठकमा छलफल भई भएको निर्णयहरुको कार्यान्वयन सम्वन्धमा छलफल भयो । साथै सो बैठक देखि हाल सम्म नगरपालिका/ वडा कार्यालयबाट भएको कार्यहरुको समिक्षा गरियो । |
| सुशासन तथा संस्थागत विकास | १८ औ नगरसभाको मिति तय गर्ने तथा सोको तयारी गर्ने सम्वन्धमा | पालुङटार नगरपालिका, नगरसभा को १८ औ अधिवेशन यहि मिति २०८२ पुष महिनाको २८ गते सोमबार विहान ११.३० बजे बस्ने गरि आव्हान गर्न नगर प्रमुखलाई अनुरोध गर्न । साथै उक्त बैठकमा पेश गर्ने प्रस्तावहरुको सम्वन्धमा तयारी गर्न विषयगत समिति र विषयगत शाखालाई निर्देशन दिने निर्णय गरियो । |
| आर्थिक विकास क्षेत्र | स्वआर्जन प्रवर्धन कोषको रकम फिर्ता लिने सम्वन्धमा । | स्व-आर्जन प्रवर्द्धन कोष संचालन कार्यविधि (नियमावली),२०७५ बमोजिम व्यवसाय संचालन गर्न रकम लिई रकम फिर्ता नगर्ने ऋणीहरुलाई रकम फिर्ता गर्न १५ दिने समय दिई पत्राचार गर्ने, त्यसरी पत्रचार गर्दा पनि रकम फिर्ता गर्न नआएमा नियमावली र सम्झौता बमोजिम रकम असुल गर्न जिल्ला प्रशासन कार्यालय गोरखा र केन्दीय तहसिल कार्यालय, काठमाडौंसँगको सहयोगमा रकम फिर्ता लिने प्रक्रिया अघि बढाउने निर्णय गरियो । |
| सुशासन तथा संस्थागत विकास | नगर विकास समिति गठन गर्ने सम्वन्धमा । | प्रस्तुत प्रस्तावमा छलफल हुदाँ यस नगरपालिका क्रमश शहरीकरण विस्तार हुदै गरेको सन्दर्भमा यसको योजनाबद्ध पूर्वाधार विकास, विस्तार र व्यवस्थापनं गर्नका लागि नगर विकास ऐन, २०४५ को दफा ४.२ बमोजिम पालुङटार नगर विकास समिति गठन गरी शहरी विकास मन्त्रालयमा पेश गर्ने निर्णय गरियो ।<br>अध्यक्ष- नगर प्रमुख<br>सदस्य- जि.स.स प्रतिनिधी<br>सदस्य- जिल्ला प्रशासन कार्यालयको प्रतिनिधी |

Scanned with CamScanner

| | | |
|---|---|---|
| | | सदस्य-वन, भूमि तथा नापी कार्यालयको प्रतिनिधिहरु<br>सदस्य- वडा अध्यक्ष श्री मान बहादुर पौडेल<br>सदस्य- वडा अध्यक्ष श्री दिपक पाण्डे<br>सदस्य- का.पा सदस्य श्री मिना सुनार<br>सदस्य- शिव हरी देवकोटा<br>सदस्य- देवी माया गिरी<br>सदिय सचिव-प्रमुख प्रशासकीय अधिकृत |
| आर्थिक विकासको क्षेत्र | कृषि ऐन, २०८२ तर्जुमा गर्न सैद्धान्तिक सहमति दिने सम्वन्धमा। | प्रस्तुत प्रस्तावमा यस नगरपालिकाको समग्र कृषि विकासका योजना तथा कार्यक्रम संचालनका लागि मार्गदर्शनको रुपमा मुख्य कानुन आवश्यक पर्ने देखिएकोले कृषि ऐनको मस्यौदा तयार पारि पेश गर्न सैद्धन्तिक सहमति दिने निर्णय गरियो। |
| सुशासन तथा संस्थागत विकास क्षेत्र | हाल सम्म भुक्तानी भएको योजनाहरुको फरफारक गर्ने सम्वन्धमा। | प्रस्तुत प्रस्तावमा छलफल गर्दा यस नगरपालिका कार्यालयबाट चालु आर्थिक बर्षमा भुक्तानी भएको योजनाहरुको फरफारक गर्ने निर्णय गरियो। |
| सुशासन विकास क्षेत्र | अध्ययन विदाको पुर्व स्वीकृती गर्ने सम्वन्धमा। | प्रस्तुत विषय यस नगरपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखामा कार्यरत उपसचिव श्री मनोज नेपाली सिर्मल र आपँपिपल अस्पतालमा कार्यरत जनस्वास्थ्य निरिक्षक छैटौं तहको राधा देवकोटाले अध्ययन विदाको लागि निवेदन पेश गर्नु भएकोले निजहरुलाई अध्ययन विदा स्वीकृत गर्ने निर्णय गरियो। |
| सामाजिक विकास क्षेत्र | रकम विनियोजन गर्ने सम्वन्धमा। | १७ औ नगरसभाबाट विनियोजना भएको क्र.स ५१ खर्च शिर्षक २२५२२ को जात्रा मेला महोत्सव संरक्षण तथा प्रवर्धन शिर्षकमा विनियोजन भएको रकम रु १०,००,०००।– (अक्षरुपी दश लाख) बाट कला संस्कृतिको संरक्षण गर्ने कार्यक्रम मुलावारी मेला तथा दोस्रो मुलावारी कप- २०८२ संचालन गरे बापत श्री मुलावारी युवा क्लबलाई १,००,०००।- अक्षरुपी (एक लाख मात्र) उपलब्ध गराउने। |
| पर्वाधार विकास समिति | कित्ता मिलान तथा हालसाविक गर्ने सम्वन्धमा | प्रस्तुत प्रस्तावमा छलफल गर्दा यस नगरपालिका वडा नं ५ को विभिन्न स्थानमा जग्गाको कित्ताकाटमा त्रुटी भई समस्या रहि आएकोले उक्त स्थानमा कित्ता मिलान तथा हालसाविक गर्न जिल्ला मालपोत कार्यालय, गोरखा जिल्ला नापि कार्यालय गोरखासँग आवश्यक समन्वय गर्ने निर्णय गरियो। |

पालुङटार नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, पालुङटार, गोरखा, गण्डकी प्रदेश, नेपाल, २०७३

Scanned with CamScanner

| | | |
|---|---|---|
| आर्थिक विकास समिति | हाटबजार सञ्चालनका लागि कृषि एम्बुलेन्सद्वारा निःशुल्क ढुवानी व्यवस्था तथा सट्टा विदा सुविधा सम्बन्धमा। | हाटबजार सञ्चालनका लागि कृषि एम्बुलेन्स प्रयोग गरी कृषि उपज निःशुल्क ढुवानी गराउने, शनिबारका दिन हाटबजार सञ्चालन तथा व्यवस्थापनमा खटिने कर्मचारीलाई आन्तिरक कार्यको व्यवस्थापनका लागि सट्टा विदा प्रदान गर्ने साथै सो सम्बन्धी कार्यान्वयन, व्यवस्थापन तथा अनुगमनको जिम्मेवारी सम्बन्धित शाखालाई प्रदान गर्ने निर्णय गरियो। |
| सुशासन तथा संस्थागत विकास | नगर निशान छापको Update गर्ने सम्वन्धमा। | प्रस्तुत विषयमा यस नगरपालिकाको ५ औं नगरसभाबाट पारित भएको नगरपालिकाको नगर निशान छापलाई संविधान बमोजिम परिमार्जन तथा गुणस्तर अभिवृद्धि गर्नु पर्ने देखिएकोले आवश्यक प्रक्रिया अगाडि बढाउने निर्णय गरियो। |
| राजश्व परामर्श समिति | राजश्व बुझ्ने सम्वन्धमा। | प्रस्तुत विषयमा यस नगरपालिका वडा नं ८ मा रातोमाटो खोजतलास अनुमति पत्र नं ६९/०८०/८१ प्राप्त श्री प्राइम रिसोर्सेज प्रा.लिले खानी तथा खनिज पदार्थ नियमावली, २०५६ को नियम २२ बमोजिम तथा खानी तथा भूगर्भ विभागको मिति २०८२-०६-१० च.न. ६२४ को पत्र बमोजिम स्थानीय विकास शुल्क बापतको रकम बुझिलिने निर्णय गरियो। |

पालुङटार नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
पालुङटार, गोरखा
गण्डकी प्रदेश, नेपाल
२०७२

Scanned with CamScanner